आज मिति २०८१ साल माघ ०८ गते मंगलबारका दिन बिहान ११:०० बजे ठाकुरबाबा नगरपालिका नगर सभाको १६ औं अधिवेशनको दोस्रो बैठक सभाध्यक्ष श्री तिलक राम लम्सालज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति:

| क्र. सं. | पदाधिकारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तिलक राम लम्साल | अध्यक्ष | |
| २ | श्री विना कुमारी भट्टराई | उपाध्यक्ष | |
| ३ | श्री निमराज खनाल | सदस्य | |
| ४ | श्री कमल प्रसाद चपाई | सदस्य | |
| ५ | श्री श्रीकृष्ण थारु | सदस्य | |
| ६ | श्री अमिन थारु | सदस्य | |
| ७ | श्री शम्भु प्रसाद थारू | सदस्य | |
| ८ | श्री जय प्रसाद पौड्याल | सदस्य | |
| ९ | श्री कलम बहादुर विष्ट | सदस्य | |
| १० | श्री टेक बहादुर वडुवाल सिजापति | सदस्य | |
| ११ | श्री राधा चौधरी | सदस्य | |
| १२ | श्री सरिता थारु | सदस्य | |
| १३ | श्री राम रानी थारु | सदस्य | |
| १४ | श्री सुस्मा खड्का | सदस्य | |
| १५ | श्री रिता कुमारी चौधरी | सदस्य | |
| १६ | श्री सावित्रा थापा | सदस्य | |
| १७ | श्री मोहन सुनार | सदस्य | |
| १८ | श्री शिव बहादुर वि. क. | सदस्य | |
| १९ | श्री पुजा सुनार | सदस्य | |
| २० | श्री कृष्ण प्रसाद थारु | सदस्य | |
| २१ | श्री विर बहादुर थारु | सदस्य | |
| २२ | श्री मिना चौधरी | सदस्य | मिना |
| २३ | श्री सुविस्ता सार्की | सदस्य | |
| २४ | श्री नयाराम खड्का | सदस्य | |
| २५ | श्री राजेन्द्र प्रसाद कँडेल | सदस्य | |

| | | | |
|---|---|---|---|
| २६ | श्री सिता चुनारा | सदस्य | |
| २७ | श्री औसे सुनार | सदस्य | |
| २८ | श्री राम कुमार थारु | सदस्य | |
| २९ | श्री रुपकला कुमारी थापा | सदस्यं | |
| ३० | श्री संगम नेपाली | सदस्य | |
| ३१ | श्री भगु थारु | सदस्य | |
| ३२ | श्री जैसरा साउद | सदस्य | |
| ३३ | श्री पुजा परियार | सदस्य | |
| ३४ | श्री तेज बन्दु लम्साल | सदस्य | |
| ३५ | श्री बुधनी थारुनी | सदस्य | |
| ३६ | श्री बेली वि.क. | सदस्य | |
| ३७ | श्री वल बहादुर थारु | सदस्य | |
| ३८ | श्री प्रेम बहादुर थापा | सदस्य | |
| ३९ | श्री सिता थारु | सदस्य | |
| ४० | श्री विष्णु कुमारी वि.क. | सदस्य | |
| ४१ | श्री भागि राम थारु | सदस्य | |
| ४२ | श्री मनिषा कठायत | सदस्य | |
| ४३ | श्री हेमा वि.क. | सदस्य | |
| ४४ | श्री युव राज श्रेष्ठ | सदस्य | |
| ४५ | श्री राजेश वुढा | सदस्य | |
| ४६ | श्री सुनिता दमाई | सदस्य | |
| ४७ | श्री भीखनी थारु | सदस्य | |
| ४८ | श्री राजा राम थारु | सदस्य | |
| ४९ | श्री सुन्तली कामी | सदस्य | |
| ५० | श्री नारायण प्रसाद ढकाल | सचिव | |
| सहजीकरण | | | |
| ५१ | श्री ओम बहादुर राना क्षेत्री | अधिकृत छैठौं | |
| ५२ | श्री अनन्त राज सुवेदी | अधिकृत छैठौं | |
| ५३ | श्री विकाश भाट | सू. प्र.अ. | |
| ५४ | श्री तपेन्द्रराज जोशी | लेखापाल | |
| ५५ | श्री सुनिल पोखेल | सहायक पाँचौं | |
| ५६ | श्री जीवन कँडेल | सचिवालय प्रमुख | |

विक्रम सम्वत् २०८१ साल माघ ०८ गते मङ्गलवार विहान ११:०० बजे बसेको ठाकुरवावा नगरपालिकाको नगरसभाको १६ औं अधिवेशनको दोस्रो बैठकले पारित गरेका निर्णयहरु देहाय बमोजिम रहेका छन्।

प्रस्तावहरु:

१. ठाकुरबाबा नगरपालिकाको विनियोजन ऐन, २०८१ अन्तर्गतका योजना तथा कार्यक्रम संशोधन, रकमान्तर तथा नयाँ योजना/कार्यक्रम सम्वन्धमा।
२. ठाकुरवावा नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सम्बन्धमा।
३. ठाकुरवावा नगरपालिकाको कृषि तथा पशुपन्छी उत्पादन तथा प्रणालीलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८१ सम्बन्धमा।
४. ठाकुरवावा नगरपालिकाको सडक निर्माण, सम्भार तथा विस्तार गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सम्बन्धमा।
५. ठाकुरवावा नगरपालिकाको पर्यटन क्षेत्रको विकास, विस्तार तथा संरक्षण गर्न सामाजिक, सांस्कृतिक आर्थिक, संस्थागत, वातावरणीय सूचना प्रविधि सहितको दिगो पर्यटकीय विकासलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८१ सम्बन्धमा।
६. ठाकुरबाबा नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन सम्बन्धी कार्यलाई व्यवस्थापन गर्न बनेको विधेयक, २०८१ सम्वन्धमा।
७. ठाकुरवावा नगरपालिकाका करार सेवाका कर्मचारीहरुको सेवा, सुविधा र शर्त सम्वन्धी विषयलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८१ सम्वन्धमा।
८. लैङ्गिक समानता, सशक्तिकरण, मूल प्रवाहीकरण तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८१ सम्वन्धमा।
९. वेरुजु सम्परीक्षण सम्वन्धमा।
१०. ठाकुरवावा विषयगत समितिहरुको प्रगति प्रतिवेदन सम्वन्धमा ।
११. न्यायिक समितिको प्रगति प्रतिवेदन सम्वन्धमा ।
१२. अर्धवार्षिक आर्थिक प्रतिवेदन तथा अनुगमन समितिको प्रगति प्रतिवेदन सम्बन्धमा।
१३. नगर कार्यपालिका बैठकको निर्णय अनुमोदन सम्बन्धमा।
१४. नदीजन्य पदार्थ उत्खनन, निकासी तथा विक्री वितरणको व्यवस्थापन सम्बन्धमा।
१५. सांस्कृतिक तथा पर्यटकीय क्षेत्र घोषणाका लागि सिफारिस सम्वन्धमा।
१६. ठेक्का व्यवस्थापन सम्वन्धमा।

निर्णयहरु:

१. ठाकुरवावा नगरपालिकाको विनियोजन विधेयक, २०८१ मा उल्लेख गरी आर्थिक वर्ष २०८१।०८२ मा सञ्चालन गर्ने गरी तय गरिएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु देहाय अनुसार संशोधन तथा रकमान्तर गर्ने निर्णय गरियो।

तपसिल:

ठाकुरवावा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ञ) तथा (प) र उपदफा ४ (ङ) मा दिइएको अधिकार कार्यान्वयन गर्नका लागि नेपालको संविधानको धारा २२६ को उपधारा १ मा गरिएको व्यवस्था बमोजिम तयार पारिएको "ठाकुरबाबा नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१" सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ण) तथा (द) मा दिइएको अधिकार कार्यान्वयन गर्नका लागि नेपालको संविधानको धारा २२६ को उपधारा १ मा गरिएको व्यवस्था बमोजिम तयार पारिएको "ठाकुरबाबा नगरपालिकाको कृषि तथा पशुपन्छी उत्पादन तथा प्रणालीलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८१" सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ट) मा दिइएको अधिकार कार्यान्वयन गर्नका लागि नेपालको संविधानको धारा २२६ को उपधारा १ मा गरिएको व्यवस्था बमोजिम तयार पारिएको "ठाकुरबाबा नगरपालिकाको सडक निर्माण, सम्भार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१" सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (छ) मा दिइएको अधिकार कार्यान्वयन गर्नका लागि नेपालको संविधानको धारा २२६ को उपधारा १ मा गरिएको व्यवस्था बमोजिम तयार पारिएको "ठाकुरबाबा नगरपालिकाको पर्यटन क्षेत्रको विकास, विस्तार तथा संरक्षण गर्न सामाजिक, सांस्कृतिक आर्थिक, संस्थागत, वातावरणीय सूचना प्रविधि सहितको दिगो पर्यटकीय विकासलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८१" सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ङ) मा दिइएको अधिकार कार्यान्वयन गर्नका लागि नेपालको संविधानको धारा २२६ को उपधारा १ मा गरिएको व्यवस्था बमोजिम तयार पारिएको "ठाकुरबाबा नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन सम्बन्धी कार्यलाई व्यवस्थापन गर्न बनेको विधेयक, २०८१" सर्वसम्मत पारित गर्ने निर्णय गरियो।

७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ङ) मा दिइएको अधिकार कार्यान्वयन गर्नका लागि नेपालको संविधानको धारा २२६ को उपधारा १ मा गरिएको व्यवस्था बमोजिम तयार पारिएको "ठाकुरबाबा नगरपालिकाका करार सेवाका कर्मचारीहरुको सेवा, सुविधा र शर्त सम्बन्धी विषयलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८१" सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

८. दिगो विकासको लक्ष्य पूरा गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (त) र उपदफा ४ (च) मा दिइएको अधिकार कार्यान्वयन गर्नका लागि नेपालको संविधानको धारा २२६ को उपधारा १ मा गरिएको व्यवस्था बमोजिम तयार पारिएको **"लैङ्गिक समानता, सशक्तिकरण, मूल प्रवाहीकरण तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८१"** सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

९. महालेखा परीक्षकको कार्यालयबाट खटिएको डोर टोलीले यस नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६, २०७७।०७८, २०७८।०७९, २०७९।०८० र २०८०।०८१ को अन्तिम लेखा परीक्षण गरी पेश गरेको लेखा परीक्षण प्रतिवेदनमा समावेश भएको वेरुजुका सम्वन्धमा जाँचवुझ गरेर लेखा समितिमार्फत पेश गरिएको प्रमाण तथा प्रक्रियाको सम्वन्धमा दफावार छलफल गरी अनुसूची-१ वमोजिमको वेरुजु सम्परीक्षण गरी वेरुजु फछ्यौट गरिदिनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ वमोजिम महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

१०. ठाकुरबावा नगरपालिकाको नगर कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुका संयोजकहरुमार्फत पेश भएको आ. व. २०८१।०८२ को अर्धवार्षिक प्रगति प्रतिवेदन पारित गर्दै समितिहरुले सुझाएका सुझावहरु कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

११. ठाकुरबावा नगरपालिकाको न्यायीक समितिका संयोजक मार्फत पेश भएको न्यायीक समितिको आ. व. २०८१।०८२ को अर्धवार्षिक प्रतिवेदन पारित गर्दै प्रतिवेदनले सुझाएका सुझावहरु कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

१२. ठाकुरबावा नगरपालिका अन्तर्गतको योजना अनुगमन समितिका संयोजकले पेश गर्नु भएको आ. व. २०८१।०८२ को अर्धवार्षिक प्रगति प्रतिवेदन तथा ठाकुरबावा नगरपालिकाको आ. व. २०८१।०८२ को अर्धवार्षिक आर्थिक प्रतिवेदनमा छलफल गर्दै समयमा नै गुणस्तरीय योजना कार्यान्वयन गर्न, पुँजीगत खर्च वृद्धि गर्न, योजना व्यवस्थापन गर्नका लागि समितिले सुझाएका सुझावहरु कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

१३. ठाकुरवावा नगरपालिकाको आ. व. २०८१।०८२ को मिति २०८१।०४।०१ गतेदेखि हालसम्म नगर कार्यपालिका वैठकले पारित गरेका तथा पारित गर्न सिफारिस गरेका विधेयक, कार्यविधि लगायतका नियम कानूनहरु, योजना संशोधन, रकमान्तर, विभिन्न भुक्तानीहरु लगायतका सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्दै स्वीकृत गर्ने भनी सर्वसम्मत रुपमा निर्णय गरियो।

१४. यस ठाकुरवावा नगरपालिका अन्तर्गत रहेको ओराही नदीको गोदानाघाट, ववई नदीको खैलार घाट, वनकट्टी घाट, शाहीपुर घाट र चन्दनपुर घाटवाट नदीजन्य पदार्थ उत्खनन्, विक्री तथा निकासीका लागि पटक पटक ठेक्का आह्वान गर्दा समेत प्रस्ताव पेश नभएको हुँदा नगरपालिकाको विकास निर्माणका गतिविधिहरु सञ्चालन गर्न नदीजन्य सामाग्रीको अभाव भएको कारण ढिलाई भएकोले नगरपालिकाको आफ्नै व्यवस्थापनमा सो कार्य गर्नुपर्ने भएकाले मिति

२०८१।१०।१३ गतेदेखि घाट खुला हुने गरी सूचना प्रकाशन गर्ने र घाटहरुको व्यवस्थापन, अनुगमन, रेखदेख एवं दरपिट गर्न विभिन्न व्यक्तिहरुलाई दैनिक ज्यालादारीमा खटाई निजहरुलाई उपलब्ध गराउने तपसिल बमोजिमको खर्च देहायको शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः

| क्र. सं. | जनशक्तिको विवरण | जना | खर्च विवरण | दैनिक दर | जम्मा दिन | जम्मा खर्च | खर्च शिर्षक |
|---|---|---|---|---|---|---|---|
| १. | घाटमा खटिने सुपरभाइजर | ७ | ज्याला | ६५० | १४० | ६३७००० | करार सेवा शुल्क |
| २. | (दरपिट प्रयोजनका लागि) | ७ | खाजा/नास्ता खर्च | २०० | १४० | १९६००० | प्रोत्साहन खर्च |
| ३. | नगर प्रहरी | ९ | खाजा/नास्ता खर्च | २०० | १४० | २५२००० | |
| ४. | न.पा. कर्मचारी नियमित अनुगमन तथा सुपरीवेक्षण | २ | खाजा/नास्ता खर्च | २०० | १४० | ५६००० | |
| ५ | वडामा राजश्व सङ्कलन प्रयोजनका लागि खटिने | १ | खाना खर्च | २५० | १४० | ३५००० | |
| | कुल जम्मा | | | | | ११७६००० | |

१५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९ को उपदफा १ मा *"प्रदेश सरकारले कुनै गाउँपालिका वा नगरपालिकाको ऐतिहासिक महत्व, पुरातात्त्विक वस्तु, कला वा संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धन गर्न उपयुक्त देखेमा त्यसको लागि मापदण्ड तोकी कुनै गाउँपालिका वा नगरपालिका वा सोको कुनै क्षेत्रलाई चार किल्ला खोली सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ।"* भन्ने व्यवस्था रहेको, ठाकुरबाबा नगरपालिका लुम्बिनी प्रदेशको सबैभन्दा पश्चिमी किनारा र सुदुरपश्चिम प्रदेशको प्रवेशद्वारसँग जोडिएको र ठाकुरद्वारा मन्दिर, थारु लगायत बहुजातिय संस्कृति, बर्दिया राष्ट्रिय निकुञ्ज र कर्णाली नदीमाथि रहेको चिसापानीको एक खम्बे पुल अवलोकनका लागि स्वदेशी तथा विदेशी पर्यटकको प्रमुख रोजाइमा परी आगमन बढी भएको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकसित हुँदै गइरहेको, यो नगरपालिकाको करिव ८५ प्रतिशत भूभाग बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको र बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा ठूला उद्योग धन्दाहरु सञ्चालन गर्न नमिल्ने कानूनी व्यवस्था हुनाले यहाँका स्थानीय बासिन्दाहरुको आयआर्जनका स्रोतहरु न्यून हुन गई उनीहरुको पर्यटनको माध्यमबाट स्वरोजगारी सिर्जना, रैथाने उत्पादनहरुको बिक्री वितरण र प्रवर्द्धन लगायतका माध्यमबाट आय स्तर वृद्धि गर्न, यस क्षेत्रको पर्यटकीय सम्भावना, विकास र प्रवर्द्धन गर्न उपयुक्त भएकाले उक्त ऐनको दफा ९ बमोजिम यस नगरपालिकालाई सांस्कृतिक र पर्यटकीय क्षेत्र घोषणा गर्न लुम्बिनी प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

१६. ठाकुरबाबा नगरपालिकासँग ठेक्का सम्झौता गरेर लामो समयदेखि योजना सम्पन्न नगरी योजना अलपत्र र अधुरो राखेका निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता अन्त्य गरी नियमानुसार प्रक्रिया अगाडि बढाउनका लागि नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

*सोह्रौं नगर सभा अधिवेशन सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खटिने जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, सङ्घीय तथा प्रदेश सरकार, विभिन्न संघसंस्था र नगरवासीलाई धन्यवाद दिँदै पारित निर्णय तथा विधेयक कार्यान्वियनमा सम्पूर्णको सकारात्मक सहयोगको अपेक्षा सहित प्रमुख तथा सभाका अध्यक्ष श्री तिलक राम लम्सालज्यूबाट ठाकुरबाबा नगरपालिकाको सोह्रौं नगर सभा अधिवेशन समापन गर्नुभयो।*